# अर्थ बुलेटिन

वर्ष १ अंक ४ मंसिर, २०७६


## नेपाल सरकार
## अर्थ मन्त्रालय



### सम्पादकीय

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा समग्र आर्थिक गतिविधिहरु सकारात्मक रहेका छन्। वाह्य क्षेत्रको असन्तुलनमा सुधार भएको छ भने आन्तरिक राजस्व परिचालनमा वृद्धि भएको छ। स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा उत्साहजनक वृद्धि भएको छ। अन्तर्राष्ट्रिय विकास सहायता परिचालनमा वृद्धि भएको छ। बढ्दो निर्यात तथा घट्दो आयातको कारण वस्तु व्यापार घाटामा सुधार हुँदै गएको छ। वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने कामदारको संख्या पछिल्ला आर्थिक वर्षहरुमा निरन्तर घटेकोमा चालु आर्थिक वर्षको कार्तिकसम्ममा भने यस्तो संख्या तुलनात्मक रुपमा बढेको छ। विदेशी लगानी बढेको छ। पर्यटन आगमनमा निरन्तर वृद्धि भएको छ। विद्युत आपूर्ति र उपभोग बढेको छ। विमा प्रिमियम संकलनमा वृद्धि हुनुको साथै विमामा जनसंख्याको पँहूच पनि बढेको छ। प्रमुख आर्थिक परिसूचकको प्रवृत्ति समग्रमा विश्लेषण गर्दा आर्थिक क्रियाकलाप विस्तार र मुख्य परिसूचकहरु स्थायित्वतर्फ उन्मुख देखिन्छन्।


### प्रकाशन तथा सम्पादन

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य


### संघीय सरकारी खर्च

चालु आर्थिक वर्ष २०७६/७७ को कार्तिकसम्म संघीय सरकारको कुल खर्च रू. २ खर्ब २६ अर्ब २ करोड रहेको छ। कुल खर्च मध्ये चालु खर्च रू. १ खर्ब ९६ अर्ब ८९ करोड, पूँजीगत खर्च रू. २४ अर्ब ७१ करोड र वित्तीय व्यवस्थातर्फको खर्च रू. ४ अर्ब २७ करोड रहेको छ। यस अवधिमा रू.१४ करोड ४६ लाख बरावरको खर्च सोझै भुक्तानीमार्फत भएको छ।

### राजस्व परिचालन

चालु आर्थिक वर्ष २०७६/७७ को कार्तिकसम्ममा कुल राजस्व परिचालन रू. २ खर्ब ५६ अर्ब ७७ करोड पुगेको छ। कुल राजस्व परिचालन मध्ये कर राजस्व रू. २ खर्ब ३२ अर्ब २४ करोड र गैरकर राजस्व रू. २४ अर्ब ५३ करोड रहेको छ।

चार्ट (क) : आर्थिक वर्ष २०७६/७७ को कार्तिकसम्मको राजस्व संकलनको संरचना




स्रोतः अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा, मंसिर, २०७६।

#अन्य अन्तर्गत शिक्षा सेवा शुल्क र अन्यकर समावेश गरिएको छ।

डिजेल, पेट्रोल, सिमेन्ट क्लिङ्कर लगायतका वस्तुको पैठारीमा आएको कमीको प्रभाव भन्सार विन्दुमा संकलन हुने राजस्वमा परेको छ। यसकारण उक्त शीर्षकमा संकलन भएको राजस्व गत वर्षको तुलनामा घटेको छ भने आन्तरिक राजस्वको संकलन उत्साहप्रद छ। यस अवधिमा आयकर तथा आन्तरिक मूल्य अभिवृद्धि करको संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा क्रमश: २५.५ प्रतिशत र २९.४ प्रतिशतले बृद्धि भएको छ। साथै, स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा पनि उल्लेख्य वृद्धि भई कराधार विस्तार भएको छ।

| तालिका (क): राजस्व लक्ष्य र असुली (रू. अर्बमा) | | | |
|---|---|---|---|
| राजस्व शिर्षक | आ.ब. २०७६/७७ को वार्षिक लक्ष्य | राजस्व असुली | |
| | | २०७५ कार्तिकसम्म | २०७६ कार्तिकसम्म |
| भन्सार महशुल | २१३.२० | ५४.२० | ५१.७७ |
| मूल्य अभिवृद्धि कर | ३१५.०१ | ८०.४४ | ८४.५९ |
| आन्तरिक | ११८.३८ | २७.५४ | ३५.६३ |
| पैठारी | १९६.६३ | ५२.९ | ४८.९६ |
| अन्तशुल्क | १६९.९८ | ४३.८४ | ४३.०७ |
| आयकर | २८०.३५ | ३५.९० | ४५.०६ |
| अन्य # | ३०.६२ | ९.३० | ७.७५ |
| **जम्मा कर राजस्व** | **१००९.१६** | **२२३.६८** | **२३२.२४** |
| **गैरकर राजस्व** | **१०२.८७** | **२४.२६** | **२४.५३** |
| **कुल राजस्व** | **१११२.०३** | **२४७.९४** | **२५६.७७** |

स्रोतः अर्थ मन्त्रालय, मंसिर २०७६।

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्।बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।

## करको दायरा विस्तार

२०७६ असारसम्म स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या २१ लाख ७२ हजार ३ सय ८३ रहेकोमा २०७६ कार्तिक मसान्तसम्म यस्तो संख्या ३४.८ प्रतिशतले बढेर २९ लाख २७ हजार ८ सय २६ पुगेको छ। २०७६ कार्तिकसम्म व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १२ लाख ८४ हजार १७ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १६ लाख ४१ हजार ६ सय ४४ पुगेका छन्। चालु आर्थिक वर्षको पहिलो ४ महिनामा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ६ लाख ४८ हजार ५ सय ६४ थप भएका छन्। २०७६ कार्तिकसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको संख्या २ लाख ३७ हजार ६ सय ८५ पुगेका छन्। चालु आर्थिक वर्षको पहिलो ४ महिनामा मात्र २३ हजार ९ सय १५ नयाँ करदाताहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। २०७६ कार्तिकसम्म अन्त:शुल्कमा दर्ता हुने करदाताको संख्या ९१ हजार ८ सय ४६ पुगेको छ।

| तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण | | | | |
|---|---|---|---|---|
| दर्ताको प्रकार | २०७६ असारसम्म स्थायी लेखा नम्बर लिएका करदाताको संख्या १ | २०७६/७७ को कार्तिक महिनासम्ममा थप भएका स्थायी लेखा नम्बर लिने करदाताको संख्या २ | २०७६ कार्तिकसम्ममा स्थायी लेखा नम्बर लिने जम्मा जम्मा करदाताको संख्या ३ | प्रतिशत परिवर्तन ३ over १ |
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | ११७८३८३ | १०५६३४ | १२८४०१७ | ९.० |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९३०८० | ६४८५६४ | १६४१६४४ | ६५.३ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्वर (WPAN) | ७३७ | १४२८ | २१६५ | १९३.८ |
| **जम्मा स्थायी लेखा नम्बर** | **२१७२२००** | **७५५६२६** | **२९२७८२६** | **३४.८** |
| मूल्य अभिवृद्धि कर | २१३७७० | २३९१५ | २३७६८५ | ११.२ |
| अन्त:शुल्क | ७७४१४ | १४४३२ | ९१८४६ | १८.६ |

स्रोतः आन्तरिक राजस्व विभाग, मंसिर २०७६।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७६ कार्तिक मसान्तसम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. १० खर्ब ८४ अर्ब पुगेको छ। यस अवधिमा तिर्न बाँकी खुद आन्तरिक ऋण रू. ४ खर्ब ५२ अर्ब ५९ करोड र तिर्न बाँकी खुद वैदेशिक ऋण रू. ६ खर्ब ३१ अर्ब ४१ करोड रहेको छ। यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. ९० करोड वरावरको साँवा भुक्तानी र रू. ६ अर्ब ७० करोड ५७ लाख वरावरको व्याज भुक्तानी

गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रू. २ अर्व ३३ करोड र व्याज रू. ५५ करोड ५३ लाख भुक्तानी गरेको छ।

चालु आर्थिक वर्षको पहिलो चार महिनामा संघीय सरकारले प्राप्त गरेको वैदेशिक अनुदान गत आर्थिक वर्षको सोही अवधिको रू. ३ अर्व ५४ करोडको तुलनामा १८४.८ प्रतिशतले बढेर रू. १० अर्व ७ करोड पुगेको छ। त्यसैगरी, यस अवधिमा संघीय सरकारले प्राप्त गरेको वैदेशिक ऋण गत आर्थिक वर्षको सोही अवधिको रू. ११ अर्व ३७ करोडको तुलनामा ११९.५ प्रतिशतले बढेर रू. २४ अर्व ९५ करोड पुगेको छ।

## वैदेशिक सहायता प्रतिबद्धता

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा वैदेशिक सहायता प्रतिबद्धता रू. १५ अर्व ६८ करोड रहेको छ। यस मध्ये अनुदान र ऋणको हिस्सा क्रमशः ७८.८ प्रतिशत र २१.२ प्रतिशत रहेको छ।

## वित्तीय क्षेत्र

२०७५ कार्तिक मसान्तसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ६८२ रहेकोमा २०७६ कार्तिकसम्म यस्तो सख्या ७४१ पुगेको छ।

चालु आर्थिक वर्षको पहिलो ३ महिनामा बीमा प्रिमियम संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३३.२ प्रतिशतले बढेर रू. २८ अर्ब ४८ करोड पुगेको छ। चालु आर्थिक वर्षको पहिलो ३ महिनामा बीमा क्षेत्रको एकिकृत पूँजी कोष गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.०३ प्रतिशतले बढेर रू. ४६ अर्व ४ करोड पुगेको छ।

२०७६ असोजसम्म बीमा सेवा पुगेको जनसंख्या ६२ लाख ९४ हजार रहेको छ। यो संख्या कुल जनसंख्या (केन्द्रीय तथ्याङ्क विभागको प्रक्षेपित जनसंख्या) को २१.३४ प्रतिशत हो। २०७५ असोजसम्म यस्तो जनसंख्या १८.२७ प्रतिशत रहेको थियो।

**तालिका (ग): वित्तीय पहूँचका सूचकहरु**

| सूचकहरु | २०७६ असारसम्म | २०७६ असोजसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| बैङ्क तथा वित्तीय संस्थाको संख्या | १७१ | १६५ | -३.५ |
| शाखा सञ्जाल संख्या | ८६८६ | ९११० | ४.९ |
| निक्षेप खाता संख्या# | २७८६६५०५ | २९२६९६३१ | ५.० |
| ATM को संख्या# | ३३१६ | ३५२० | ६.२ |
| Debit Card संख्या# | ६७०८५२१ | ६८१९६०२ | १.७ |
| क्रेडिट कार्ड संख्या# | १२३१४६ | १३७६५६ | ११.८ |
| वाणिज्य बैंक पुगेको स्थानीय तहको संख्या | ७३५ | ७४१ | ०.८ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, मंसिर २०७६।

#क+ख+ग वर्गका बैङ्क तथा वित्तीय संस्थाहरुको मात्र।

## पूँजी बजार

वार्षिक विन्दुगत आधारमा २०७५ कार्तिक मसान्तमा नेप्से सूचकाङ्क १२०५.० विन्दुमा रहेकोमा २०७६ कार्तिक मसान्तमा यस्तो सूचकाङ्क केही घटेर ११३५.९५ मा कायम भएको छ।

## समग्र मूल्य स्थिति

२०७६ असोज महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति र थोक मुद्रास्फीति क्रमश ६.२१ प्रतिशत र ५.१ प्रतिशत रहेको छ। यस अवधिमा तरकारी, फलफुल, मसला, मासु र माछा, घरायसी उपयोगिताका वस्तु तथा सेवा, लुगा तथा जुत्ता र शिक्षा उपसमूहको मूल्य वृद्धि तुलनात्मक रुपमा बढी रहेको छ।

## बाह्य क्षेत्र

### वस्तु निकासी

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा कुल वस्तु निकासी २३.३४ प्रतिशतले वृद्धि भई रू. ३६ अर्ब १२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी ११.० प्रतिशतले बढेर २९ अर्ब २८ करोड रहेको थियो। यस अवधिको कुल निकासीमध्ये भारत, चीन र अन्य देशहरुतर्फ भएको निकासीको अंश क्रमशः ६६.८ प्रतिशत, २.० प्रतिशत र ३१.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ५६.९ प्रतिशत, २.६ प्रतिशत र ४०.५ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको कार्तिक महिनामा भारततर्फको निकासी क्रमशः ४४.६३ प्रतिशतले बढेको छ भने चीन र अन्य देशहरुतर्फको निकासी क्रमशः ६.०६ प्रतिशत र ४.७२ प्रतिशतले घटेको छ। यस अवधिमा पाम आयल, भटमासको तेल (प्रशोधित), अलैची, सल, दोसल्ला, पछ्यौरा लगायतका वस्तुको निकासी बढेको छ।

**तालिका (घ) : २०७६ कार्तिक महिनासम्ममा निकासी भएका प्रमुख ५ वस्तुहरु** (रु. अर्बमा)

| क.सं. | वस्तुको नाम | २०७५ कार्तिक | २०७६ कार्तिक | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रशोधित पाम आयल | ०.८१ | ८.२९ | ९२५.१ |
| २ | सेन्थेटिक यार्न | २.९३ | २.७८ | -५.१ |
| ३ | उनी गलैंचा कार्पेट | २.८२ | २.६२ | -७.१ |
| ४ | तयारी कपडा | २.३१ | २.१६ | -६.८ |
| ५ | भटमासको तेल (प्रशोधित) | ०.०५ | २.०२ | ४३६३.६ |
| ६ | अन्य | -८.९२ | -१७.८७ | -१०.४ |

स्रोतः भन्सार विभाग, मंसिर २०७६।

कुल निकासीमा प्रमुख ५ वस्तुको अंश करीव ५० प्रतिशत रहेको छ। तसर्थ, बस्तुको निर्यात विविधीकरणमा जोड दिदैं निर्यात प्रर्वद्धन गर्नुपर्ने देखिन्छ।

### वस्तु पैठारी

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा कुल वस्तु पैठारी रू. ४ खर्ब ५० अर्ब ३० करोड रहेको छ। यस्तो पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.९२ प्रतिशतले न्यून हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी ३५.३ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्षको पहिलो ४ महिनाको कुल पैठारी मध्ये भारत, चीन र अन्य देशहरुबाट भएको पैठारीको अंश क्रमशः ६०.५ प्रतिशत, १७.८ प्रतिशत र २१.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.२ प्रतिशत, १४.७ प्रतिशत र २२.१

प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको कार्तिकसम्म भारत र अन्य देशबाट भएको पैठारी क्रमशः १०.८७ प्रतिशत र ८.७३ प्रतिशतले घटेको छ भने चीनबाट भएको पैठारी १२.८४ प्रतिशतले बढेको छ। वस्तुको आयातित मूल्यको आधारमा हेर्दा यस अवधिमा तयारी कपडा, मोबाईल फोन, औषधी (एलोपेथिक) लगायतका वस्तुको पैठारी बढेको छ भने डिजेल, एम.एस. विलेट, पेट्रोल, एच.आर.सीट लगायतका वस्तुको पैठारी घटेको छ।

तालिका (ङ) : २०७६ कार्तिक महिनासम्ममा पैठारी भएका प्रमुख ५ वस्तुहरु (रु. अर्बमा)

| क्र.सं. | वस्तुको नाम | २०७५ कार्तिक | २०७६ कार्तिक | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | डिजेल | ३५.३६ | २९.२४ | -१७.३ |
| २ | तयारी कपडा | १३.६० | १४.७४ | ८.४ |
| ३ | एम. एस. विलेट | २५.५० | १२.७१ | -५०.२ |
| ४ | पेट्रोल | १३.१४ | १२.३७ | -५.८ |
| ५ | एच.आर. सीट | १०.०२ | ९.७८ | -२.५ |
| ६ | अन्य | ३८६.१४ | ३७१.४७ | -३.८ |

स्रोतः भन्सार विभाग, मंसिर २०७६।

चालु आर्थिक वर्षको पहिलो चार महिनामा डिजेलको पैठारी (परिमाणमा) १.९ प्रतिशतले घटेर ४ लाख ४८ हजार ६ सय ४ किलोलिटर रहेको छ। त्यसैगरी यस अवधिमा बस, मिनिबस, जीप, कार, भ्यान लगायतका सवारीसाधन (मोटरसाईकल तथा ठूला सवारीसाधन बाहेक) को पैठारी (संख्यामा) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.८३ प्रतिशतले घटेर २७ हजार ७ सय ६० रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या २७ हजार ९ सय ९३ रहेको थियो। चालु आर्थिक वर्षको पहिलो तीन महिनामा मोटरसाईकलको पैठारी (संख्यामा) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.१२ प्रतिशतले ह्रास आई १ लाख २६ हजार १ सय ३४ रहेको छ।

## व्यापार सन्तुलन

चालु आर्थिक वर्षको पहिलो चार महिनामा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.८७ प्रतिशतले घटेर रू. ४ खर्व १४ अर्ब १८ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ३७.८ प्रतिशतले बढेको थियो।

आन्तरिक उत्पादनलाई प्रबर्द्धन गर्ने सरकारी नीति, जलविद्युत उत्पादनको वृद्धि सँगै बढ्दो विद्युत उपभोगको कारण पेट्रोलियम पदार्थको आयातमा आएको कमी, सिमेन्ट, क्लिङ्करको आन्तरिक उत्पादनमा भएको वृद्धि तथा सवारी साधनको पैठारीलाई व्यवस्थित गर्न गरिएको नीतिगत व्यवस्था लगायतका कारण वस्तु व्यापार घाटा तुलनात्मक रुपमा घट्दै गएको छ।

## सेवा व्यापार

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा सेवा आय रू. ४३ अर्ब ६८ करोड र सेवा खर्च रू. ४९ अर्ब ९५ करोड भई खुद सेवा आय रू. ६ अर्ब २७ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. १९ अर्ब ८१ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह तथा वैदेशिक रोजगार

आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा विप्रेषण आय रू. २ खर्व ३० अर्ब २४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रू. २ खर्व ४२ अर्ब १७ करोड रहेको थियो।

आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा वैदेशिक रोजगारीमा जान अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैद्यानिकीकरण) लिने नेपाली कामदारको संख्या ८.६ प्रतिशतले बढेर ७९ हजार ४ सय ५४ पुगेको छ। आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा यस्तो संख्या ४१.२ प्रतिशतले घटेको थियो। त्यसैगरी, चालु आर्थिक वर्षको कार्तिकसम्म वैदेशिक रोजगारीमा जान पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको संख्या ९.१ प्रतिशतले बढेर ८० हजार ८ सय ९१ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १०.३ प्रतिशतले घटेको थियो।

पछिल्लो समयमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या निरन्तर घट्दै गएकोमा चालु आर्थिक वर्षको कार्तिकसम्मको तथ्याङ्कलाई हेर्दा यस्तो संख्या बढेको छ।

## चालु खाता एवम् शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा शोधानान्तर स्थिति रू. १४ अर्ब ४२ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधानान्तर स्थिति रू. ३५ अर्ब ४२ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. २७ अर्ब १८ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. ८१ अर्ब ७४ करोड रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

२०७६ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू. १० खर्व ३८ अर्ब ९२ करोड रहेकोमा २०७६ असोज मसान्तमा यस्तो सञ्चिति ४.७ प्रतिशतले बढेर रु.१० खर्व ८७ अर्व ७३ करोड पुगेको छ। २०७५ असोज मसान्तमा यस्तो सञ्चिति रू.११ खर्व २० अर्ब ९२ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ८.५ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विदेशी लगानी

आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा खुद प्रत्यक्ष विदेशी लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५८.७ प्रतिशतले बढेर रु. ३ अर्व ९९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी ७४.६ प्रतिशतले घटेको थियो।

## विनिमय दर

२०७६ असार मसान्तमा नेपाली रुपैंयाको अमेरिकी डलर १ को खरिद विनिमयदर रू. १०९.३६ रहेकोमा २०७६ असोज मसान्तमा नेपाली रुपैंया

अमेरिकी डलरसँग ४.८ प्रतिशतले अवमूल्यन भई रु.११४.५६ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पनि नेपाली रुपैंया ४.८ प्रतिशतले अवमूल्यन भएको थियो।

## अन्य आर्थिक गतिविधी

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा थप कम्पनी दर्ताको संख्या ८ हजार ९ सय ४३ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ९ हजार २ सय १० रहेको थियो।

### पर्यटक आगमन

सन् २०१९ को अक्टोवरसम्म १० महिनाको अवधिमा नेपाल आउने पर्यटकको संख्या (भारत बाहेक) ८.० प्रतिशतले बढेर ९ लाख ७५ हजार ५ सय ५७ पुगेको छ। सन् २०१८ को सोही अवधिमा यस्तो संख्या १९.३ प्रतिशतले बढेर ९ लाख ३ हजार ५ सय ९३ रहेको थियो।

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिना (जुलाई देखि अक्टोवर) मा नेपाल आउने पर्यटकको संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.२ प्रतिशतले बढेर ३ लाख ८८ हजार ८८ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ३ लाख ८३ हजार ५ सय ७९ रहेको थियो।

### विद्युत उपभोग

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो तीन महिनामा विद्युत उपभोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.८ प्रतिशतले बढेर १८८३.५ गिगावाट घण्टा पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उपभोग १६४१.१ गिगावाट घण्टा रहेको थियो।

## नीतिगत तथा कानूनी राय परामर्श

- अन्तःशुल्क नियमावली २०५९ को बीसौं संशोधन, २०७६ र आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) बमोजिमको सूचना राजपत्रमा प्रकाशन भएको।
- हिमाल सरसफाई, संरक्षण एवं व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६, बचत तथा सहकारी संस्था सम्वन्धी स्थिरीकरण कोष स्थापना संचालक कार्यविधि, २०७६; राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग नियमावली, २०७६; राष्ट्रिय यातायात नीति, २०७६; कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ उपर राय प्रतिकृया पठाइएको ।
- नेपाल बन निगम लिमिटेडको "कर्मचारी सेवा शर्त विनियमावली, २०७६" स्वीकृतिका लागि सहमति प्रदान गरिएको ।
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन मापदण्ड, २०७६ तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेश गरिएको ।
- नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम छनौट समिति गठन गरी प्रकृया आरम्भ गरिएको।
- नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको कर्मचारी दरबन्दी र सङ्गठन संरचनामा स्वीकृति प्रदान गरिएको।

## मन्त्रालयका गतिविधीहरु

- मिति २०७६ साल कार्तिक २९ गते माननीय अर्थ मन्त्रीको संयोजकत्वमा उच्चस्तरी वित्तीय क्षेत्र समन्वय समितिको बैठक बसी सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधिलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नका लागि नेपाल राष्ट्र बैंकले सात दिन भित्र बैंक तथा वित्तीय संस्थाहरुलाई ऋण प्रवाहमा लक्ष्य तोकि निर्देशन जारी गर्न, नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप र कर्जा बीचको ब्याज दर फरक मौद्रिक नीतिमा उल्लेख भएको सीमाभित्र कायम गर्न तथा धितोपत्र बोर्डले पूँजीबजारको विकास र विस्तारका लागि बजारको मनोबल अभिबृद्धि हुने खालका कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने लगायतका अन्य महत्वपूर्ण निर्णय भएको।
- मिति २०७६ कार्तिक २१ गते अर्थ मन्त्रालयका सचिव (राजस्व) को संयोजकत्वमा बसेको वित्तीय स्थायित्व समितिको बैंठकले गरेका विभिन्न निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धित निकायलाई निर्देशन दिईएको।
- वैदेशिक व्यापार (निकासी/पैठारी) को संरचनागत परिवर्तन र विप्रेषणको वर्तमान प्रवृत्ति र सोबाट तरलता व्यवस्थापन, राजस्व परिचालन, उपभोग तथा आर्थिक वृद्धिमा पर्न सक्ने प्रभावका सम्बन्धमा अध्ययन शुरु गरिएको।
- भन्सार विभागको आयोजनामा विभिन्न सरकारी सरोकारवाला निकायहरुको सहभागितामा Cross Border e-commerce सम्बन्धी ४ दिने कार्यशाला सम्पन्न भई सो सम्बन्धी Framework तयार गरिएको ।
- प्रदेश तहमा प्रदेश मन्त्रालयगत वित्तिय प्रतिवेदन प्रणाली प्रभावकारी बनाउन Financial Management Information System (FMIS) लागू गरी दश वटा प्रतिवेदन फारामहरु प्रयोगमा ल्याईएको ।
- ७१२ वटा स्थानीय तहहरुले SuTRA मा बजेट प्रविष्टि गरी त्यस मध्ये ५९५ वटा स्थानीय तहहरुले खर्च लेखाङ्कन पनि SuTRA बाट गर्ने कार्य शुरु गरेको ।
- संघ र प्रदेश तहमा कार्यान्वयनमा रहेका क्रमहः LMBIS र TSA तथा PLMBIS र PTSA बीच अन्तर आवद्धता कायम भएको ।
- AML/CFT सम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन सम्बन्धमा नेपालका सम्बन्धित निकायका पदाधिकारी र विश्व बैंकको विज्ञ सहितको टोलिसँग भिडियो कनफ्रेन्सिङ्गको कार्य सम्पन्न भएको।
- घरजग्गा कारोबार, क्यासिनो र लेखापरिक्षण तथा लेखा व्यवसायी क्षेत्रको जोखिम मूल्याङ्कन गर्न तत्/तत् निकायमा क्षेत्रगत जोखिम मूल्याङ्कन उपसमिति गठन गर्ने व्यवस्था गरिएको ।

- AML/CFT सम्बन्धमा घरजग्गा कारोवार, वहुमुल्य धातु र गैरनाफामूलक क्षेत्रको सुपरिवेक्षण दिग्दर्शन तयार गर्न सम्बद्ध निकायहरु बीच छलफल भई सो को मस्यौदा तयार गरिएको।

### अन्य गतिविधिहरु

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडा संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डि.सी.मा २०७६ असोज ३० देखि कार्तिक ३ गतेसम्म आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व बैंक समूहको बोर्डस अफ गभर्नरहरूको वार्षिक बैठकमा सहभागी हुनु भएको । सो सन्दर्भमा विश्व व्यापार तथा लगानीमा देखिएको घट्दो क्रम, खास गरी व्यापारमा संरक्षणवाद तथा भू–राजनीतिक तनावहरू, ब्रेक्जिटको विषय, कमजोर बजार संवेदनशिलताहरू र जलवायु परिवर्तन जस्ता कारणहरूबाट विश्वमा देखिएको चिन्ता एवम् अनिश्चितताको विषयमा छलफल भएको थियो।
- विश्व बैंकले नेपालमा सहायता गरेको पचास वर्ष पुगेको उपलक्ष्यमा आयोजित विशेष कार्यक्रममा अर्थमन्त्री डा. युवराज खतिवडाले विश्व बैंकले नेपालमा सहायता परिचालन गर्दा विगतमा लिएका रणानीति एवं प्राथमिकताहरुको विषयमा चर्चा गर्दै नेपालको प्राथमिकता अनुसार चरम गरिबी केही वर्ष भित्रमा हटाउने र आम जनताको औषत आयु एसिया प्रशान्त क्षेत्रको औषत आयु बराबर पुऱ्याई गुणस्तरीय जीवन यापन गर्न सक्ने बनाउन बैंकको सहायता राशीमा उल्लेखनीय बृद्धि गर्न जरुरी रहेको बताउनु भएको थियो।
- नेपाल भ्रमणमा रहेको विश्व बैंकको कार्यकारी निर्देशकहरु सहितको प्रतिनिधिमण्डलले मिति २०७६ कार्तिक १४ गते अर्थमन्त्री डा. युवराज खतिवडासँग अर्थ मन्त्रालयमा भेटघाट गरेको थियो।



- प्रतिनिधिमण्डलले नेपालको संघीयता कार्यान्वयनमा भएको उपलब्धि तथा आर्थिक व्यवस्थापनका प्रयासहरुको बारेमा समेत छलफल गरेको थियो। सो क्रममा प्रतिनिधिमण्डलले नेपालको संघीयता कार्यान्वयनबाट विश्व समुदायले सिक्नु पर्ने धारणा राखेको थियो।
- २०७६ साल कार्तिक २१ गते पोषण सेवा सम्बन्धी पाँचौ विश्व सम्मेलन काठमाण्डौं घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। "मानवजाति र पृथ्वी दुवैका लागि पोषण" नारा रहेको विश्व सम्मेलनको समापन कार्यक्रममा अर्थमन्त्री डा. युवराज खतिवडाले पोषण सम्बन्धी अभियानको महत्व दिगो विकासका लक्ष्यहरुसँग जोड्दै यी दुवै अभियानबीच अनोन्याश्रित सम्बन्ध रहेको बताउनु भएको थियो। उहाँले यस अभियानमा निजी क्षेत्रलाई पनि नाफामुखी सोचबाट माथि उठेर जिम्मेवारीबोध गर्दै सेवामुखी अभियानमा सहकार्य गर्न आग्रह गर्नु भएको थियो।